# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, भदौ २५ गते २०४७ साल (संख्या २२

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

**हुलाक समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४७**

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यी नियमहरूको नाम "हुलाक समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४७" रहेको छ ।

१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा "हुलाक समूह" भन्नाले नेपाल प्रशासन सेवा अन्तर्गत हुलाकसम्बन्धी काम गर्ने कर्मचारीको समूह सम्झनुपर्छ ।

३. **हुलाक समूहमा रहने श्रेणी र पदः**

३.१ हुलाक समूहमा राजपत्र अनंकित चतुर्थ श्रेणीदेखि राजपत्रांकित प्रथम श्रेणी (सह-सचिव तह) सम्मका पदहरू रहनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर हुलाक समूहमा केही राजपत्र अनंकित पदहरूलाई श्रेणीविहीन गर्न यस दफाले बाधा पुऱ्याएको मानिनेछैन ।

३.२ राजपत्राँकित प्रथम श्रेणीमा सह-सचिव वा सो सरहको तह रहनेछ ।

३.३ राजपत्राँकित द्वितीय श्रेणीमा देहायका तहहरू रहनेछन् ।

३.३.१ उप-सचिव वा सो सरह र

३.३.२ सहायक सचिव वा सो सरह

३.४ हुलाक समूहमा रहने पद अनुसूची १ मा तोकिएबमोजिम हुनेछ ।

४. रित्त पदको पूर्तिः

४.१ हुलाक समूहको रिक्त पदको पूर्ति देहायबमोजिम गरिनेछः–

४.१.१ राजपत्राँकित प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पद रिक्त भएमा हुलाक समूहका राजपत्राँकित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहका कर्मचारीहरू कर्मचारीहरू मध्येबाट बढुवाद्वारा,

४.१.२ राजपत्राँकित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पद रिक्त भएमा हुलाक समूहका राजपत्राँकित द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहका कर्मचारीहरू मध्येबाट बढुवाद्वारा,

४.१.३ राजपत्राँकित द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पद रिक्त भएमा हुलाक समूहका राजपत्राँकित तृतीय श्रेणीका कर्मचारीहरू मध्येबाट बढुवाद्वारा,

४.१.४ राजपत्राँकित तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा हुलाक समूहका राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीहरू मध्येबाट बढुवाद्वारा,

४.१.५ राजपत्र अनंकित प्रथम, द्वितीय र तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा बढुवा हुने पदको एक श्रेणी मुनिको हुलाक समूहका कर्मचारीहरू मध्येबाट बढुवाद्वारा,

४.१.६ राजपत्र अनंकित चतुर्थ श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा।

४.२ उप-नियम ४.१.४ बमोजिम राजपत्राँकित तृतीय श्रेणीको रिक्त पद पूर्ति गर्दा जम्मा रिक्त पदको पच्चीस प्रतिशत पदहरूमा देहायबमोजिम बढुवा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२.१ पन्ध्र प्रतिशत रिक्त पदमा हुलाक समूहका राजपत्र अनंकित प्रथम श्रेणीमा पाँच वर्ष सेवा अवधि पुगेका कर्मचारीहरूलाई लोक सेवा आयोगबाट लिइने लिखित परीक्षाको आधारमा ।

४.२.२ दश प्रतिशत रिक्त पदमा हुलाक समूहका राजपत्र अनंकित प्रथम श्रेणीमा पन्ध्र वर्ष सेवाअवधि पुगेका कर्मचारीहरूलाई लोक सेवा आयोगबाट लिइने अन्तर्वार्ताको आधारमा ।

४.३ उप-नियम ४.१.५ बमोजिम राजपत्र अनंकित प्रथम, द्वितीय र तृतीय श्रेणीको रिक्त पद पूर्ति गर्दा जम्मा रिक्त पदको पचास प्रतिशतसम्म पद-हरूमा बढुवा गरिने पदभन्दा एक श्रेणी मुनिको हुलाक समूहका कर्मचारीहरू मध्येबाट बढुवाद्वारा पूर्ति गरिनेछ ।

५. नयाँ नियुक्तिः निजामती सेवा नियमावली, २०२१ बमोजिमको कुनै अयोग्यता नभई अनुसूची २ मा तोकिए बमोजिमको शैक्षिक योग्यता भएका व्यक्ति हुलाक समूहको पदमा नयाँ नियुक्तिको लागि योग्य मानिनेछ ।

६. समूह निर्धारणः नेपाल प्रशासन सेवामा रही हुलाकसम्बन्धी कार्यमा संलग्न राजपत्राङ्कित पदाधिकारीहरूले यो नियमावली प्रारम्भ भएको तीन महिनाभित्र हुलाक समूहमा रहने वा नरहने कुरा रोजी सक्नु पर्नेछ ।

तर श्री ५ को सरकारले हुलाकसम्बन्धी विशेष योग्यता वा तालीम प्राप्त कर्मचारीलाई हुलाक समूहमा नै कायम राख्न सक्नेछ ।

७. समूह परिवर्तन । सरुवाः

७.१ शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा श्री ५ को सरकारले चाहेमा सेवा समूह वा उप-समूह परिवर्तनसम्बन्धी कार्यविधि अपनाई लोक सेवा आयोगसंग परामर्श लिई हुलाक समूहका कुनै कर्मचारीलाई नेपाल प्रशासन सेवाको अन्य समूह वा पदमा सरुवा गर्न वा नेपाल प्रशासन सेवाको अन्य समूह वा पदबाट हुलाक समूहमा सरुवा गर्न सक्नेछ ।

७.२ हुलाक समूह गठन हुँदा हुलाकसम्बन्धी कार्यमा संलग्न रहेका राजपत्र अनंकित कर्मचारीहरूले हुलाक समूहमा बस्न नचाहेमा त्यस्तो कर्मचारीलाई श्री ५ को सरकारले निर्णय गरी अन्यत्र सरुवा गर्न सक्नेछ । तर अन्यत्र सरुवा नहुँदै माथिल्लो पदमा बढुवा भएमा त्यस्ता कर्मचारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वतः हुलाक समूहमा समूहीकृत हुने हुँदा यसरी बढुवा पाउनेहरूलाई सरुवा भई जाने बिकल्प दिइने छैन ।

८. बढुवा

८.१ हुलाक समूहका कर्मचारीको बढुवा सो समूहभित्र मात्र हुनेछ ।

८.२ उप-नियम ८.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि हुलाक समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिव वा सो सरहको कर्मचारी नेपाल प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पदको लागि हुने बढुवामा सम्भाव्य उम्मेदवार हुन पाउनेछ ।

९. हुलाक सेवा भत्ताः हुलाक समूहमा कार्यरत कर्मचारीहरूलाई श्री ५ को सरकारले हुलाक सेवा भत्ता दिन सक्नेछ र त्यस्तो भत्ता श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

१०. अनुसूचीमा हेरफेर वा थपघटः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

११. बचाउः यस नियमावलीमा लेखिए जतिमा यस नियमावली बमोजिम र अरूमा निजामती सेवा नियमावली, २०२१ बमोजिम हुनेछ ।

## अनुसूची-१

### हुलाक समूहमा रहने पदहरू

(नियम ३ को उप-नियम ३.४ संग सम्बन्धित)

राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव सरह)

महानिर्देशक, उप-महानिर्देशक, क्षेत्रीय निर्देशक ।

राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिव सरह)

निर्देशक, मुख्य हुलाक अधिकृत, प्रमुख हुलाक प्रशिक्षक ।

राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव सरह)

वरिष्ठ हुलाक प्रशिक्षक, सहायक निर्देशक, वरिष्ठ हुलाक अधिकृत, वरिष्ठ व्यवस्थापक ।

९८०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजपत्राङ्कित तृतीय श्रेणी

शाखा अधिकृत, प्रशिक्षक, हुलाक अधिकृत, व्यवस्थापक ।

राजपत्र अनंकित प्रथम श्रेणी

ना. सु. प्रशिक्षण सहायक, हुलाक हाकिम (ना. सु.) ।

राजपत्र अनंकित द्वितीय श्रेणी

खरिदार ।

राजपत्र अनंकित तृतीय श्रेणी

मुखिया ।

राजपत्र अनंकित चतुर्थ श्रेणी

बहिदार ।

## अनुसूची–२

हुलाक समूहको लागि आवश्यक शैक्षिक योग्यता
(नियम ५ संग सम्बन्धित)

(क) हुलाक समूहको राजपत्राङ्कित पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः–

हुलाकसम्बन्धी विषयको स्नातक वा हुलाक विषयसम्बन्धी स्नातकोत्तर डिप्लोमा वा अंग्रेजी विषय लिई स्नातक ।

(ख) राजपत्र अनंकित प्रथम श्रेणीका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः–

अंग्रेजी विषय लिई प्रमाणपत्र वा सो सरह ।

(ग) राजपत्र अनंकित द्वितीय श्रेणी वा सो भन्दा मुनिको पदका लागि लोक सेवा आयोगद्वारा निर्धारण भए अनुसार हुनेछ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

१५९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।